# स्थानीय तह स्तरीय स्वास्थ्य क्षेत्रको बार्षिक समीक्षा कार्यक्रमका लागि मार्गदर्शन

## पृष्ठभूमि

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वास्थ्य सेवाको समग्र बस्तुस्थितिका बारेमा छलफल गर्ने र मुख्य सवाल पहिचान गरी आगामी बर्ष कार्ययोजनामा समावेश गरी सम्बोधन गर्दै जाने उद्देश्यले स्वास्थ्य संस्था तह देखि केन्द्र स्तरसम्म विगत लामो समयदेखि बार्षिक कार्यक्रम समिक्षाको निश्चित पद्धती अवलम्बन गर्दै आएको छ । बार्षिक समिक्षाको मुल उद्धेश्य स्वास्थ्य संस्था तह देखि केन्द्रसम्म लक्षित गरे अनुसारको प्रगतिको अवस्था, सुधार गर्नु पर्ने अवस्था तथा सिकाईको विश्लेषण गर्ने र तत्कालिन, अल्पकालिन सवाल पहिचान गरी क्रमबद्ध रूपमा योजनामा समावेश गर्नु हो । यो समिक्षामा विशेषगरी स्वास्थ्य सेवा उपभोगमा महिला, गरिव, र बञ्चितीकरणमा परेका बर्गको अवस्था के छ, के कारण उनिहरु ती सेवा लिन आउन/जान सकेका छैनन् र ती कारणको निदानमा सबै तह र अन्य सरोकारवालाहरुको भुमिका कस्तो हुने भन्ने बारे छलफल र निर्णय हुन जरुरी छ ।

नेपालको संबिधान २०७२ अनुसार संघीयता कार्यान्वयन भइ तीन तहको संरचना स्थापना भइसकेको छ । संबिधानको अनुसूची ६ देखि ९ सम्म सूचीकृत गरिएका स्थानीय, प्रदेश र संघीय तीनै तहको सरकारको एकल तथा साझा अधिकार सूचीमा स्वास्थ्य सम्बन्धी बिभिन्न अधिकार तथा जिम्मेवारी उल्लेख गरिएको छ । प्रत्येक तहबाट संचालन भएका स्वास्थ्य कार्यक्रमहरूको प्रभावकारीता एकीन गरी उपभोगमा देखिएका बाधा, अवरोध, समस्याहरु पहिचान गर्न समीक्षा कार्यक्रम एक उपयुक्त माध्यम हो । कार्यक्रमको समीक्षामा अन्तरकृया गरी यसबाट निस्किएका निचोडलाई आगामी दिनमा सम्बोधनका लागि कार्ययोजना वनाई कार्यान्वयनमा लैजानु पर्दछ ।

संघीय संरचनामा संघीय, प्रदेश र स्थानीय तहमा सरकार रहेको परिप्रेक्ष्यमा तत् तत तहमा देखिएका समस्याहरूको सम्बन्धित तहमा नै समाधान गर्ने प्रबल अवसर रहन्छ । यसले गर्दा स्थानीय तहले प्रदेश र प्रदेश तहले संघसँग समाधानको अपेक्षा गर्नुपर्ने अवस्था न्यून रहन्छ ।

समीक्षा कार्यक्रम संचालनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यस मार्गदर्शन तयार गरेको छ । विगतका समीक्षा कार्यक्रमको अनुभवको अधारमा संघीय संरचनामा उपयुक्त हुनेगरी समीक्षाको तयारी तथा संचालन गर्नका लागि खाका प्रस्तुत गरिएको छ । यस मार्गदर्शनलाई सम्बन्धित तहले आफ्नो आवश्यकता अनुसार परिमार्जन गरी प्रयोगमा ल्याउन सक्नेछन् ।

### स्थानीय तह स्तरीय बार्षिक समीक्षाको अबधारणा

- आ.ब. २०७४/७५ मा सम्पादित क्रियाकलाप तथा हाल सम्मको अबस्था चित्रण गर्ने ।
- स्थानीय स्तरमा स्वास्थ्य सम्बन्धि मुद्दाहरुमा केन्द्रित रही तथ्यपरक समिक्षा गर्ने ।
  - विभिन्न स्वास्थ्य कार्यक्रमहरुको HMIS, LMIS, जनसंख्या तथा स्वास्थ्य संस्था स्तरमा गरिएका सर्भेक्षण (NDHS, NHFS, Micro Nutrient Status Survey) लगायत अन्य सूचनाका आधारमा प्रगति समिक्षा गर्ने ।
  - स्वास्थ्य क्षेत्र रणनीति नतिजा खाका (NHSS RF) तथा दिगो बिकाश लक्ष्यसंग सम्बन्धित सूचकहरुको तुलानात्मक प्रबृत्ति (Trend) तथा लक्ष्य प्रगति बिश्लेषण गर्ने (Template मा उल्लेख गरिएका सूचकहरुको आधारमा)
- संबिधानले व्यवस्था गरेको स्थानीय तहको स्वास्थ्य जिम्मेवारी अनुरूप हालको अवस्थाको बिश्लेषण गर्ने ।

- स्थानीय तहको भौगोलिक क्षेत्रभित्र अबस्थित प्रादेशीक तथा संघीय तह मातहतका अस्पतालबाट प्रबाह भएको आधारभुत स्वास्थ्य सेवा सम्बन्धी छलफल गर्ने ।
- स्थानीय तहमा समाधान हुन सक्ने मुद्दा र समाधानका उपायहरुको पहिचान गर्ने ।
- स्थानीय तहमा समाधान हुन नसक्ने मुद्दाहरु प्रादेशिक र संघिय स्तरमा समाधान हुने गरी बर्गिकरण गर्ने ।

**समीक्षाको मुख्य उद्देश्य**

- स्थानीय तहभित्रका स्वास्थ्य संस्थाहरुको प्रगति तुलनात्मक विश्लेषण गर्ने ।
- कार्यक्रम संचालनमा देखिएका कमि कमजोरी पहिचान गर्ने र सुधार गर्नु पर्ने वुदाँहरु पत्ता लगाई लक्ष्य प्राप्ती सम्म पुग्ने मार्ग पहिचान गर्ने ।
- संचालित कार्यक्रमले सम्बन्धित क्षेत्रका बासिन्दा र विशेष गरी महिला तथा बञ्चितीमा परेका समुदायहरुलाई उपलब्ध स्वास्थ्य सेवाको उपभोगको अवस्था, उनिहरुले सेवा उपभोग गर्न भोग्नु परेका बाधा अवरोधहरु पत्तालगाई संबोधनका लागि रणनीति तयार गर्ने ।
- स्थानीय स्तरमा स्वास्थ्यका नीति तथा रणनीति विकास गर्न र योजना तर्जुमाका लागि प्राथमिकता क्षेत्र पहिचान गर्ने ।

**समीक्षाका विषयवस्तु**

- स्वास्थ्यका नियमित सूचना प्रणालीहरु (HMIS, LMIS, HIIS) को प्रभावकारिता – समस्या तथा समाधान
- प्रमुख स्वास्थ्य सूचकहरुको प्रगती समिक्षा (तोकिएका तथा स्थानीय )
  - स्वास्थ्यका नियमित सूचना प्रणालीहरुमा नसमेटिएका बिषयहरुको बिश्लेषण
  - बित्तिय प्रगति, भौतिक प्रगति, बेरुजु, बिभिन्न कृयाकलाप
  - आधारभूत स्वास्थ्य सेवा तथा सरसफाईका मुद्दाहरु
  - स्थानीय तहमा स्वास्थ्यसेवा सम्बन्धि बिषय बस्तुहरु (नियम कानूनको निर्माण तथा नियमन, ....)
  - औषधी तथा उपकरणहरुको ब्यवस्थापन
  - जनशक्ति ब्यवस्थापन
  - विभिन्न तहमा संचालन भएका अस्पतालहरुको मुद्दा
  - बहुक्षेत्रीय समन्वय सम्बन्धि मुद्दा
  - जनसंख्या व्यवस्थापन सम्बन्धी मुद्दा तथा कृयाकलापहरू
- मुख्य मुद्दा केन्द्रित छलफल

**समीक्षाका चरणहरू**

**चरण १: पूर्व तयारी**

१. स्थानीय तहभित्र रहेका सबै स्वास्थ्य संस्थाहरूको आ.ब. २०७४|७५ का बाह्रै महिनाको प्रगति प्रतिवेदन स्वास्थ्य क्षेत्रका सम्बन्धित सूचना प्रणालीमा प्रबिष्ठ भएको सुनिश्चित गर्ने ।
२. तथ्यांकको गुणस्तर कायम गर्नकालागि सम्बन्धित संस्थासँग समन्वय गरी डाटा भेरिफिकेसन गर्ने ।
३. समीक्षाको बिधि, अबधि, सहभागी संख्या र विषयवस्तुलाई मध्यनजर गर्दै विस्तृत कार्यतालिका वनाउने।

४. मातहतका स्वास्थ्य संस्थाहरूलाई Template मा उल्लेखित सूचकको आधारमा कार्य प्रगति विश्लेषण गरी प्रस्तुतीकरण तयार गरी ल्याउन पत्राचार गर्ने ।
५. Template मा उल्लेखित सूचकको आधारमा पालिका स्तरीय एकीकृत प्रस्तुतीकरण तयार गर्ने ।
६. प्रतिवेदन तयारीका लागि २।३ जनाको टोलीलाई जिम्मेवारी दिने ।
७. मुद्दा केन्द्रित छलफल (Panel Discussion) को लागि पूर्व तयारी गर्ने
   - बिषयको छनौट,
   - विज्ञ समूह छनौट
   - विज्ञ समूहलाई विषयवस्तुको पृष्ठभूमि; स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय तथ्य, स्थानीय परिबेशमा आधारित भई प्रस्तुतिकरणको तयारीको लागि अग्रिम जानकारी दिने ।
   - सहजकर्ता छनौट र विषयवस्तुवारे जानकारी दिने ।

**चरण २: समीक्षा संचालन**

**समीक्षाको प्रस्तावित समयाबधि :** २०७५ आश्विन १६ देखि २२ भित्र (२ दिन)

**समीक्षाका सहभागीहरू :**

- पालिका प्रमुख, उप प्रमुख
- प्रमुख प्रशासकीय अधिकृत
- स्थानीय तहका स्वास्थ्य संयोजक/उप संयोजक र स्वास्थ्य शाखाका अन्य स्वास्थ्य कर्मचारीहरु
- जिल्ला (जन) स्वास्थ्य कार्यालय वा प्रदेश स्वास्थ्य कार्यालयका प्रतिनिधि (प्राबिधिक सहयोग, समायोजन तथा प्रादेशिक समिक्षा तयारीका लागि)
- स्थानीय तहभित्र रहेका सरकारी स्वास्थ्य संस्थाका प्रमुखहरू
- स्थानीय तहको भौगोलिक क्षेत्रभित्र अबस्थित प्रादेशीक तथा संघीय तहका अस्पताल प्रमुख
- स्थानीय तह अन्तरगतका सरकारी तथा गैर सरकारी अस्पताल प्रमुख र मेडिकल रेकर्डर
- स्थानीय तहभित्र स्वास्थ्य क्षेत्रमा कृयाशिल गैर सरकारी स्वास्थ्य संस्थाका प्रमुख
- स्थानीय तहमा सहयोग पुर्याइरहेका विकास साझेदार संस्थाका प्रतिनिधीहरू

**समीक्षाको बिधि तथा एजेण्डा :**

- कार्यक्रमको शुरूवात
- स्थानीयतहको स्वास्थ्य क्षेत्रको समग्र अवस्थाको प्रस्तुतीकरण (सम्लग्न Template को आधारमा स्वास्थ्य संयोजकबाट)
- स्थानीय Best practice, Innovation, Results, Strengths, Weakness मा मात्र आधरित भई मुख्य Issues अनुसार संक्षिप्त प्रस्तुतिकरण (स्वास्थ्य संस्था प्रमूख /स्थानीय तह मातहतका अस्पताल प्रमुखबाट) र छलफल ।
- स्थानीय तहमा अबस्थित अन्य अस्पत्तालबाट प्रबाह भैरहेको आधारभूत स्वास्थ्य सेवा सम्बन्धि छलफल ।
- स्थानीय तहमा कार्यरत स्वास्थ्य क्षेत्रका साझेदार संस्थाको एकमुष्ठ संक्षिप्त प्रस्तुतीकरण तथा छलफल
- स्थानीय बस्तुस्थिति अनुसार मुख्य मुद्दामा केन्द्रित भई छलफल (Panel Discussion)
- समापन

**चरण ३ : समीक्षा पश्चात गर्नुपर्ने कार्य**

- प्रादेशिक बार्षिक समीक्षाका लागि तथ्यांक तथा मुद्दामा आधारित प्रतिवेदन र प्रस्तुतीकरण तयार गर्ने
- मुद्दामा आधारित भई समय सीमा र जिम्मेवारी सहितको तत्काल गर्नुपर्ने कार्यको योजना तयार गर्ने
- समीक्षाको निश्कर्षको आधारमा आगामी बर्षको बार्षिक वजेट कार्यक्रममा समावेश गर्नुपर्ने कृयाकलापहरूको सूची तयार गर्ने ।
- उक्त प्रतिवेदन पालिकाको Website मा राख्ने व्यवस्था मिलाउने ।
- तत्कालै गर्नुपर्ने कार्य र आगामी बर्षको बार्षिक वजेट कार्यक्रममा समावेश गर्नुपर्ने कार्यको सुनिश्चितताको लागि निरन्तर फलोअप गर्ने ।

***नोट : स्थानीय तहको समीक्षा कार्यक्रम सम्पन्न भएपछि समीक्षा कार्यक्रममा भएका प्रस्तुतीकरण, पहिचान गरिएका समस्या, समाधानका उपाय र सम्बन्धित प्रतिवेदनहरू समायोजन गर्न, स्वास्थ्य सम्बन्धि मुद्दाहरूमा अन्तरपालिका समन्वय सुदृढीकरण गर्न तथा प्रदेश तहमा हुने समीक्षा कार्यक्रमको तयारीका लागि प्रदेश स्वास्थ्य कार्यालय/जिल्ला (जन) स्वास्थ्य कार्यालयको प्राबिधिक सहयोग सहित जिल्ला समन्वय समिति र स्थानीय तहका स्वास्थ्य संयोजक सम्मिलित बैठक सम्बन्धी व्यवस्थापन प्रदेश तहले गर्नु पर्नेछ ।***